# लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क,सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल


प.सं. : ७७/७८
च.नं. :

मितिः-२०७७/०५/१६

# सुचना!  सुचना!!  सुचना!!!

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस(कोभिड-१९) बाट विश्वमा धेरै मानविय क्षती व्यहोर्नु परिरहेको अवस्था विद्यमान छदैं छ। यस बाट हाम्रो देशमा समेत मृत्यु हुने संख्या तथा संक्रमण दर दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको छ र यसले हामिलाई थप सचेत हुनुपर्ने अवस्था सिर्जना गरेको छ।सोही विषयमा यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। यस विषम परिस्थितिमा सम्पुर्ण लिखु पिके बासी साथै सिमाना जोडिएका छिमेकी स्थानिय तहका बासिन्दालाई समेत निम्न क्रियाकलाप गर्नु/गराउनु भई सहयोगि बनिदिनु समेत यसै सुचना मार्फत सुचित गराईन्छ।

१. यस गाउँपालिका स्थायी ठेगाना भई हाल देश वा विदेशमा रहनु भएका नागरिक यस गा.पा. मा फर्किनु अघि सम्बन्धित वडा वा गाउँपालिकाको कार्यालयमा जानकारी गराउनुपर्नेछ।त्यसरी गा.पा. प्रवेश गर्नुपुर्व स्वास्थ्य परिक्षण (PCR) गराएको रिपोर्ट समेत साथमा लिई आउनुपर्नेछ।

२. गाउँपालिका प्रवेश गरेपछि सम्बन्धित वडाको क्वारेन्टाईनमा कम्तिमा १४ दिन बस्नुपर्नेछ र सोको खर्च व्यक्ति स्वंयमले व्यहोर्नु पर्नेछ।

३. यस गा.पा. बाट अन्यत्र जानुपर्ने अवस्था भएमा सोको जानकारी सम्बन्धित वडा कार्यालय वा गाउँपालिको कार्यालयमा जानकारी गराउनुपर्नेछ।

४. अनाआवश्यक जमघट,भेटघाट,तथा यात्रा नगर्न/नगराउन अनुरोध गरिन्छ।

५. यसै स्थानिय तह भित्र वा बाहिर अत्यावश्यक कामको लागी हिंडडुल गर्दा,भेटघाट गर्दा,बजार जाँदा साथै सार्वजनिक निकायमा जाँदा अनिवार्य मास्कको प्रयोग गरौं।

६. यस लिखुखोला मा एमभि दुगड समुह द्वारा सञ्चालनमा रहेको जलविद्युत परियोजना अन्तर्गत तथा विभिन्न ठेकेदार कम्पनि मातहत काम गर्ने स्थानिय कामदारहरुलाई सोहि कार्यक्षेत्रमा उचित खानपान तथा बस्ने स्थान अविलम्ब व्यवस्था गर्न यसै सुचना मार्फत सम्बन्धित सरोकारवालाहरुलाई सुचित गराईन्छ।

७. उल्लेखित क्रियाकलापहरुको अवज्ञा गरेको पाईएमा प्रचलित कानुन बमोजिम कार्वाहि गरिनेछ।

८. यस विषम परिस्थितको सामना गर्न यहाँहरु सबैको साथ सहयोगको अपेक्षा सहित व्यवस्थापनलाई चुस्त बनाउन नियन्त्रण तथा रोकथामका विशेष उपाय भएमा सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा छलफल तथा समन्वयको लागि संपर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

**यस सम्बन्धि थप जानकारी, सल्लाह,सुझाव को लागी सम्पर्क नं.हरुः**

१) डम्बर बहादुर बस्नेत ९७५३००७३२४ (गा.पा. अध्यक्ष) २) प्रमिला बस्नेत(कार्की) ९७४१२७०६६२(गा.पा. उपाध्यक्ष) ३. ङवाङ ल्हाक्पा शेर्पा ९७५१०५३९०६६ (१ नं. वडाध्यक्ष) ४. रमेश कुमार बस्नेत ९८६२९५९४०५ (२ नं. वडाध्यक्ष) ५. पुण्य बहादुर बस्नेत ९७४११४८३२५ (३ नं. वडाध्यक्ष) ६. हिक्मत बहादुर बस्नेत ९७४३०८७००० (४ नं. वडाध्यक्ष) ७. ङिमाछिरि शेर्पा ९७४१३९२९८२ (५ नं. वडाध्यक्ष)

डम्बर बहादुर बस्नेत
अध्यक्ष


फोन नं. :- ०२५-६९७४५५, ईमेल :- likhupikerm@gmail.com,info@likhupikemun.gov.np वेवसाइट :- www.likhupikemun.gov.np